निर्णयहरु:

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाण्डौंको च.नं. १४४२ मिति २०७८।९।२६ को पत्र र कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMC) को मिति २०७८।०९।२५ गतेको सिफारिस र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुकाम, बुटवल,नेपालको च.नं. ११७९ मिति २०७८।०९।२७ को पत्र बैठकमा जानकारी भयो। कोभिड-१९ को संक्रमण पुन: बढ्दै गएको सन्दर्भमा, मित्रराष्ट्र भारतबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुको प्रवेश नाकामा हेल्थ डेक्सलाई अझै व्यवस्थित गरी एन्टिजेन परिक्षण गर्ने व्यवस्था मिलाउन कृष्णनगर न.पा. लाई लेखी पठाउने र रिपोर्ट पोजेटिभ आउनेहरुलाई अनिवार्य रुपमा होम आइशोलेसनमा रहने गरी गन्तव्यमा पुर्याउन सहजीकरण गर्ने। यस जिल्लामा मिति २०७८।०९।३० गते देखि लागु हुने गरी प्रमुख जिल्ला अधिकारीले आदेश जारी गर्ने।

२. कोभिड १९ संक्रमण रोकथाम तथा उपचारका लागि खटिनु हामी सबैको दायित्व र कर्तव्य भएकोले सबै स्थानीय तह, सुरक्षा निकाय, सरकारी तथा गैर सरकारी निकाय, संघ संस्था, सरोकारवाला निकाय तथा प्रतिष्ठान र संचार माध्यमहरुले आ-आफ्नो तर्फबाट रोकथामका लागि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउने तथा कोरोना विरुद्धको सचेतना अभियान संचालन गर्न शिक्षकहरु, महिला स्वास्थ्य स्वयंसेविकाहरु, समाजसेवीहरु, जनप्रतिनिधिहरुलाई परिचालन गरी मास्कको सही प्रयोग, यसको महत्व र टेस्टिङ्को महत्त्वबारे जनचेतना तथा प्रचार प्रसार गर्न र टेस्टिङ्को मात्रा बढाउन स्थानीय तहहरुलाई विभिन्न रणनीतिहरु तय गर्न अनुरोध गर्ने निर्णय गरियो।

३. स्वास्थ्य कार्यालयले स्थानीय तहसँगको समन्वयमा सबै विद्यालयका १२ देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरुलाई यथाशिघ्र कोभिड-१९ विरुद्धको खोप लगाइसक्ने गरी कार्यतालिका बनाई कार्यान्वयन गर्ने।

४. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्याउने संघ, संस्था, निकायहरुसँग स्वास्थ्य कार्यालयले समन्वय गरी आवश्यक स्रोत साधन तथा सहयोग जुटाई व्यवस्थापन गर्ने।

५. शिक्षा विकास तथा समन्वय इकाई, कपिलवस्तुको च.नं. ३५७ मिति २०७८।०९।२८ को पत्रानुसार यस जिल्ला अन्तर्गत बाणगंगा नगरपालिका वडा नं.-५ स्थित श्री माध्यामिक विद्यालय, झण्डा विद्यालयमा २०७२ सालको विनाशकारी भुकम्पले सात कोठे २ तले भवन अत्यन्तै जोखिममा परेको र नयाँ कक्षाकोठा निर्माण गर्न अनिवार्य भएकोले प्रदेश मन्त्रालयमा अनुदानको लागि सिफारिस गरिदिनु हुन भनी लेखि आएकोले उक्त विद्यालयलाई अनुदानका लागि शिक्षा तथा सामाजिक विकास निर्देशनालय, राप्ती उपत्यका, देउखुरी, दाङमा सिफारिस गरिदिने निर्णय गरियो। साथै अन्य विद्यालयहरुले विपद् व्यवस्थापन समितिको निर्णय तथा आवश्यक कागजात सहित सिफारिस माग गरेमा सिफारिस दिने निर्णय गरियो।

२०७८।९।२९